**आकाशवाणी समाचार- नेपाली**
**मितिः २६ अगष्ट २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदी आजदेखि उज्बेकिस्तानको दुइ दिनको यात्रामा प्रस्थान गर्नुहुनेछ।

- उपराष्ट्रपति सी.पी. राधाकृष्णन आज तमिलनाडु, कर्नाटक, केरल अनि लक्षद्वीपको तीन दिनको भ्रमणमा जानु हुनेछ।

- विदेश मंत्रालयले भनेको छ नेपालको बाढ़ आपदाबाट हालसम्म 84 भारतीय नागरिकहरुलाई उद्धार गरिएको छ।

- विश्वविद्यालय अनुदान आयोगको राष्ट्रीय पात्रता परीक्षाको 84 विषयहरुको परिणाम घोषित गरिएको छ।

- हंगरीमा आयोजित **पी.एस.ए**. बुडापेस्ट स्क्वैश ओपन फाइनलमा भारतका **वेलवन सेंथिलकुमारले** खिताब जितेका छन्।

**प्रधानमंत्री- ताशकंद**

प्रधानमंत्री नरेंद्र मोदी आजदेखि उज्बेकिस्तानको दुइ दिनको यात्रामा प्रस्थान गर्नुहुनेछ। उज्बेकिस्तानका राष्ट्रपति **शफ़कत मिर्ज़ियोयेफको** निमंत्रणमा प्रधानमंत्री ताशकंद पुग्दै हुनुहुन्छ। यो प्रधानमंत्रीको उज्बेकिस्तानको चौथो यात्रा हो। प्रधानमंत्री कार्यालयले एक बयानमा भनेको छ आफ्नो यात्रा अवधि श्री मोदीले भारत अनि उज्बेकिस्तान बीच रणनीतिक साझेदारीलाई अझ मजबूत गर्न राष्ट्रपति **मिर्ज़ियोयेफ**सित प्रतिनिधिमंडल स्तरको वार्ता गर्नु हुनेछ।

**प्रधानमंत्री- साक्षात्कार**

उज़्बेकिस्तानमा भारतको राजदूत स्मिता पंतले आकाशवाणी समाचारसितको विशेष बातचीतमा भन्नुभयो दुइ देश बीच संबंध बलियो भइहेको छ अनि प्रधानमंत्रीको भ्रमणको समय सबै क्षेत्रहरुमा सहयोग बढ़ाउनेमा चर्चा हुनेछ।
उहाँले भन्नुभयो पछिलो केहि वर्षहरुमा दुइ देश बीच व्यापारमा कयौ गुना वृद्धि भएको छ अनि दुइ देश बीच संपर्क सुधारने अनि बाधाहरुलाई दूर गर्नमा चर्चा हुनेछ।

**प्रधानमंत्री - मन की बात**

प्रधानमंत्री नरेंद्र मोदीले भोलि बिहान 11 बजे आकाशवाणीको 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिसहरुसित आफ्नो विचार साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको **एक सय सैंतीस 'औ** एपिसोड हुनेछ|
कार्यक्रमको प्रसारण आकाशवाणी अनि दूरदर्शनको सबै चैनलहरुमा, एआईआर न्यूज़को वेबसाइट अनि **न्यूज़-ऑन-एयर** मोबाइल ऐपबाट गरिनेछ। साथै, **ए.आई.आर**. न्यूज़, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय अनि सूचना एवं प्रसारण मंत्रालयको यूट्यूब चैनलहरुमा यसको सीधा प्रसारण पनि हुनेछ। हिंदी प्रसारणको तुरंत पछि आकाशवाणीबाट क्षेत्रीय भाषाहरुमा पनि यो कार्यक्रम प्रसारित गरिनेछ।

**उपराष्ट्रपति- दक्षिण भारत भ्रमण**

उपराष्ट्रपति सी.पी. राधाकृष्णन आज तमिलनाडु, कर्नाटक, केरल अनि लक्षद्वीपको तीन दिनको भ्रमणमा जानु हुनेछ।

यस अवधि उहाँले शिक्षा, सार्वजनिक सेवा, सांस्कृतिक विरासत, उद्योग-अकादमिक सहयोग, ,माछा पालनलाई बढ़ावा दिने संबंधित कार्यक्रमहरु बाहेक केहि प्रमुख सार्वजनिक समारोहहरुमा भाग लिमु हुनेछ। श्री राधाकृष्णन आज तमिलनाडुको इरोडमा कोंगू वेल्लालर इंस्टीट्यूट ऑफ टेक्नोलॉजी ट्रस्टको स्थापना दिवस समारोहमा सामेल हुनु हुनेछ। त्यसपछि उहाँ बेंगलुरु जानु हुनेछ, जहां उहाँले राज्य विधानसभामा कर्नाटकका पूर्व मुख्यमंत्री रामकृष्ण हेगड़ेको शताब्दी समारोहमा भाग लिनु हुनेछ। आइतबार, उपराष्ट्रपतिले केरलको **अलाप्पुझा**देखि आफ्नो भ्रमणको शुरुआत गर्नु हुनेछ, जहां उहाँ केरल कौमुदीको **एक सय पन्द्र औ** वर्षगांठको समारोहमा सामेल हुनु हुनेछ। त्यसपछि उहाँले **पत्तनमथिट्टा**मा अरनमूला जल महोत्सव 2026 को उद्घाटन गर्नु हुनेछ। पछि, श्री राधाकृष्णन तिरुवनंतपुरम जानु हुनेछ, जहां उहाँले केरलको प्रमुख सांस्कृतिक उत्सव ओणम परेडको शुभारंभ गर्नु हुनेछ।
उपराष्ट्रपति आफ्नो यात्राको अंतिम दिन लक्षद्वीपको अगाटी जानु हुनेछ, जहां उहाँले माछा पालन, पशुपालन अनि दुग्ध उत्पादन मंत्रालय द्वारा आयोजित एक जनसंपर्क कार्यक्रममा भाग लिनुहुनेछ। त्यसपछि उहाँ राजगिरी स्कूल ऑफ इंजीनियरिंग एंड टेक्नोलॉजीको रजत जयंती समारोह अनि कोच्चिको **कक्कनाड**मा आयोजित **कॉन्फ्लुएंस** 3.0 उद्योग-अकादमिक शिखर सम्मेलनमा सामेल हुनु हुनेछ  शामिल हुनु हुनेछ ।

**<u>भारत- नेपाल बाढ़</u>**

विदेश मंत्रालयले भनेको छ नेपालको बाढ़ आपदाबाट हालसम्म 84 भारतीय नागरिकहरुलाई उद्धार गरिएको छ। जसमा त्रिशुली-1 परियोजनाको ६३ कर्मचारी अनि तमिलनाडुका 21 जना सामेल छन्। मंत्रालयले बताएको छ  320 भारतीयहरु बारे हालसम्म कुनै जानकारी प्राप्त छैन किनभने उनीहरुसित कुनै संपर्क स्थापित भएको छैन। मंत्रालयले यो पनि बताएको छ एक सय उनचास जना चीनबाट नेपाल सुरक्षित प्रवेश गरिसकेका छन्। चीनमा लगभग 400 भारतीय नागरिक सुरक्षित रहेको छ। भारतीय दूतावास यी मानिसहरुसित संपर्कमा छ अनि उनीहरुलाई त्यहाँबाट निकाल्नका लागि काम गरिरहेको छ।

**<u>बंगाल - नेपाल अभियान</u>**

पश्चिम बंगाल सरकारले विदेश मंत्रालयसित नेपालमा आएको बाढ़मा बेपत्ता राज्यका मानिसहरुको खोजीका लागि एक प्रतिनिधिमंडल पठाउने अनुमति मागेको छ। मुख्यमंत्री सुवेंदु अधिकारीले भनुभयो अनुमति पाए लगतै एक प्रतिनिधिमंडल काठमांडू पठाइने छ। जसमा राज्यका एक मंत्री, एक विधायक, महानिरीक्षक स्तरका पुलिस अधिकारी अनि भारतीय प्रशासनिक सेवाका वरिष्ठ अधिकारी सामेल हुनेछ।
मुख्यमंत्रीले हिज भवानी भवनमा लापता भएकाहरुको परिवारसित वर्चुअल बैठक पछि यो जानकारी दिनुभएको हो। उहाँले भन्नुभयो पश्चिम बंगालका 37 जना बेपत्ता भएको आधिकारिक सूचना प्राप्त भएको छ।

**<u>जयशंकर- विदेश सेवा प्रशिक्षु</u>**

विदेश मंत्री डॉ. एस. जयशंकरले 2025 बैच भारतीय विदेश सेवाका प्रशिक्षु अधिकारिहरु अनि भूटानका राजनयिकहरुको आयोजित प्रशिक्षण पाठ्यक्रमको समापन समारोहमा भाग लिनुभयो। डॉ. जयशंकरले एक सोशल मीडिया पोस्टमा भन्नुभयो भारतीय विदेश सेवाका यी अधिकारीहरु विकसित भारतको यात्राको हिस्सा बन्नेछ। विदेश मंत्रीले उनीहरुलाई प्रासंगिक चुनौतिहरु बुझ्न, सेवा-भाव अपनान, क्षेत्रमा विशेषज्ञा हासिल गर्न प्रोत्साहित गर्नुभयो।

**<u>यूजीसी नेट – परिणाम</u>**

विश्वविद्यालय अनुदान आयोगको राष्ट्रीय पात्रता परीक्षाको 84 विषयहरुको परिणाम घोषित गरिएको छ। राष्ट्रीय परीक्षा एजेंसीले यस वर्षको जूनमा भएको अंग्रेजी, वाणिज्य अनि समाजशास्त्र विषयहरुको परीक्षा पुनः आयोजित गर्ने घोषणा गरेको छ। विशेषज्ञ समितिको प्रश्न पत्रहरुमा तथ्यात्मक, टाइपिंग, अनुवाद अनि भाषा संबंधी त्रुटिहरु भेटिएको हुनाले यो निर्णय लिइएको हो। 16 अगस्तमा समाजशास्त्र, वाणिज्य अनि अंग्रेजी विषयको उत्तर कुंजी जारी गरेपछि तीनै परीक्षा यस वर्षको सितंबरमा आयोजित गरिने घोषणा गरिएको हो। पुनर्परीक्षा 9 अनि 10 सितंबरमा हुनेछ। यसका लागि परीक्षार्थिहरुलाई अतिरिक्त शुल्क दिन पर्ने छैन।

**पश्चिम बंगाल-आर जी कर – मामला**

कलकत्ता उच्च न्यायालयले केंद्रीय अन्वेषण ब्यूरो- सीबीआईलाई आर जी कर अस्पताल दुष्कर्म अनि हत्या मामिलाको जांच तीन सप्ताह भित्र पुरा गर्ने आदेश दिएको छ। न्यायालयले सीबीआईलाई चार सप्ताहमा जांच पूरा गर्ने याचिकालाई खारिज गरेको छ।

आज सीबीआईले न्यायमूर्ति शम्पा सरकार अनि न्यायमूर्ति तीर्थंकर घोषको पीठ समक्ष आर जी कर मामिलासित संबंधित रिपोर्ट प्रस्तुत गरे। अब यस मामिलाको सुनवाई 24 सितंबरमा हुनेछ। अगस्त 2024 मा अस्पतालमा पीजीटी द्वितीय वर्ष की डॉक्टरको दुष्कर्म पछि हत्या गरिएको थियो। न्यायालयले यस मामिलामा संजय रॉयलाई आजीवन कारावासको सजाय सुनाएको छ।

**मार्गेरिटा-लाओस**

विदेश राज्य मंत्री पबित्रा मार्गेरिटाले लाओसको यात्रा अवधि राजधानी वियनतियानेमा लाओसका उप-प्रधानमंत्री अनि विदेश मंत्री थोंगसावन्ह फोमविहानसित भेट गर्नुभयो। यस अघि श्री मार्गेरिटाले भारत अनि लाओ पीडीआरको 70 साल: विकास साझेदारीदेखि व्यापक साझेदारी सम्म' विषयमा आयोजित एक संयुक्त संगोष्ठीमा लाओस विदेश मंत्रालयका सदस्यहरु अनि वरिष्ठ अधिकारिहरुलाई संबोधित गर्नुभयो। उहाँले आपसी विश्वास अनि भरोसामा आधारित दुइ देश बीच दीर्घकालिक ऐतिहासिक संबंधमा ज़ोर दिनुभयो। विकासशील देशहरुमा साझेदारको रुपमा उहाँले दुइ देश बीच बढ़दो सहयोग अनि आगामी वर्षहरुमा संयुक्त काम गर्ने संभावनाहरुको पनि उल्लेख गर्नुभयो।

**अमरीक-ईरान**

अमरीकाले ईरानको सरकार अनि त्यहाँको सेनाको वित्तीय स्रोत काटने कोशिश अन्तर्गत ईरानको सबैभन्दा ठुलो वाणिज्यिक बैंक मेल्लीको एक वरिष्ठ अधिकारी अनि हांगकांगको एक कंपनी माथि प्रतिबंध लगाएको छ। अमरीकी वित्त विभागले बैंक मेल्लीको दुबई शाखाका प्रबंधक रज़ा मोहम्मद तईदीलाई निशाना बनाएको छ। उहाँले भन्नुभयो यो बैंकले ईरानको सेना, इस्लामिक रिवोल्यूशनरी गार्ड कोरको-कुद्स फोर्स अनि रक्षा मंत्रालयलाई सहयोग उपलब्ध गराउदै आएको थियो। अमरीकाले भनेको छ यो कदम ईरानसित वित्तीय लेन देन गर्नेहरुमाथि दबाव बढ़ाउने अभियानको भाग हो।

**स्क्वैश- बुडापेस्ट**

हंगरीमा आयोजित **पी.एस.ए**. बुडापेस्ट स्क्वैश ओपन फाइनलमा भारतका **वेलवन सेंथिलकुमारले** घरेलू दावेदार **बालाज़ फ़ार्केस**लाई 3-0 ले पराजित गरी खिताब जितेका छन्। क्वार्टरफाइनलमा उहाँले विश्वमा १८ औ वरीयता प्राप्त अनि एशियाई खेलको स्वर्ण पदक विजेता **ऐन योव एनजी** लाई 3-0 ले हराए अनि सेमीफाइनलमा आफ्नै देशका वीर चोटरानीलाई 3-2 हराएका थिए।

**क्रिकेट - महिला एशिया कप**

दुबईमा महिला एशिया कप टी-20 क्रिकेट प्रतियोगितामा श्रीलंकाको सामना आज संयुक्त अरब अमीरातसित हुनेछ। मैच भारतीय समय अनुसार राती आठ बजेदेखि खेलिने छ।

प्रतियोगितामा हिजो थाईलैंडले हांगकांगलाई छ रनले पराजित गर्यो।

प्रतियोगितामा 8 टीमलाई दुइ समूहमा बाडिएको छ। ग्रुप ए मा भारत, पाकिस्तान, हांगकांग अनि थाईलैंड छ। ग्रुप बी मा श्रीलंका, बांग्लादेश, सुयंक्त अरब अमीरात अनि इंडोनेशियाको टीम रहेको छ।

भारतको पहिलो मैच भोलि थाईलैंडसित हुनेछ। हांगकांगसित भारतको सामना तीन सितंबरमा नै भारत - पाकिस्तान मैच पांच सितंबरमा खेलिने छ।